धनगढी उप-महानगरपालिका

# स्थानीय राजपत्र

**खण्ड :०७** **संख्या : ०६** **मिति :२०८०/०४/१३**

## भाग-२

## धनगढी उप-महानगरपालिका

# धनगढी उप-महानगरपालिकाको नगर प्रहरी (व्यवस्थापन) कार्यविधि,२०७९ को (पहिलो संशोधन २०८०)

**नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।०४ ।१३**

**राजपत्रमा प्रकाशित मिति : २०८०।०४ ।१४**

**प्रस्तावनाः** धनगढी उप-महानगरपालिकाको नगर प्रहरी (व्यवस्थापन) कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

धनगढी उप-महानगरपालिकको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र परिचयः**

क) यस कार्यविधिको नाम "**धनगढी उप-महानगरपालिकाको नगर प्रहरी (व्यवस्थापन) कार्यविधि, २०७९ को (पहिलो संशोधन, २०८०)**" रहेको छ।

ख) यो कार्यविधि धनगढी उप-महानगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

| हालको व्यवस्था | संशोधन तथा थप प्रावधान | संशोधन तथा थप गर्नु पर्ने कारण |
|---|---|---|
| **दफा ३ नगर प्रहरीको गठनः** उपदफा (१) मा उप-महानगरपालिकामा नगर प्रहरी नायव निरीक्षकको नेतृत्वमा तोकिएको संख्यामा तोकिए बमोजिमको पद भएका नगर प्रहरी रहने छन् । | **दफा ३ नगर प्रहरीको गठनः** उपदफा (१) मा उप-महानगरपालिकामा नगर प्रहरी निरीक्षकको नेतृत्वमा तोकिएको संख्यामा तोकिए बमोजिमको पद भएका नगर प्रहरी रहने छन् । | समयानुकुल आवश्यक भएकोले दफा ३ को उपदफा (१) को **नगर प्रहरी निरीक्षक थप गरीएको ।** |
| **दफा ४ नगर प्रहरीको पदको नाम र तहः** उपदफा (१) मा नगर प्रहरी प्रमुखको रुपमा एक नगर प्रहरी नायव निरिक्षक रहने छ । | **दफा ४ नगर प्रहरीको पदको नाम र तहः** उपदफा (१)मा नगर प्रहरी प्रमुखको रुपमा एक नगर प्रहरी निरीक्षक रहने छ । | समयानुकुल आवश्यक भएकोले दफा ४ को उपदफा (१) को **नगर प्रहरी निरीक्षक पद थप गरीएको ।** |
| उपदफा (३) नगर प्रहरी नायव निरीक्षक | उपदफा (३) नगर प्रहरी निरीक्षक | समयानुकुल आवश्यक भएकोले थप गरिएको । |
| दफा ४ को उपदफा (४) नगर प्रहरीको विभिन्न पदमा भर्ना हुनको लागि आवश्यक योग्यता र परीक्षाको किसिम र | दफा ४ को उपदफा (४) नगर प्रहरीको विभिन्न पदमा भर्ना हुनको लागि आवश्यक योग्यता र परीक्षाको किसिम र छनौट प्रकृया अनुसूची १,अनुसूची २ र अनुसूची २(क) | धनगढी उप-महानगरपालिका नगर प्रहरी (व्यवस्थापन) कार्यविधि,२०७९ को अनुसुची १ परिमार्जन गर्नुका साथै अनुसुची २ र अनुसुची २ (क)थप |

धनगढी उप-महानगरपालिका राजपत्र

| | | |
|---|---|---|
| **छनौट प्रकृया तोकेबमोजिम हुनेछ।** | **बमोजिम हुनेछ।** | गरिएको। |
| **परिच्छेद -४ को नगर प्रहरीको दरबन्दी तथा पदपूर्ती**<br>**दफा ६ को उपदफा (१) नगर प्रहरीमा आवश्यकता अनुसार देहायका पदहरु रहन सक्नेछ :**<br>**(क) प्रहरी नायव निरीक्षक**<br>**(ख) प्रहरी जवान** | **परिच्छेद -४ को नगर प्रहरीको दरबन्दी तथा पदपूर्ति**<br>**दफा ६ को उपदफा (१) नगर प्रहरीमा आवश्यकता अनुसार देहायका पदहरु रहन सक्नेछ :**<br>**(क) नगर प्रहरी निरीक्षक**<br>**(अधिकृतस्तर छैठौं तह)**<br>**(ख) नगर प्रहरी नायव निरीक्षक**<br>**(सहायकस्तर पाँचौ तह)**<br>**(ग) नगर प्रहरी सहायक निरीक्षक**<br>**(सहायकस्तर चौथों तह)**<br>**(घ) नगर प्रहरी हवल्दार**<br>**(सहायकस्तर तृतीय तह)**<br>**(ङ) नगर प्रहरी जवान** | समयानुकुल आवश्यक भएकोले दफा ६ को उपदफा (१) को खण्ड (क),(ग) र (घ) थप गरिएको। |
| **दफा ७ नगर प्रहरी करारमा नियुक्त हुन सक्ने** | **दफा ७ नगर प्रहरी करारमा नियुक्त हुन सक्नेः**<br>**दफा ७ को उपदफा (७) थप गरिएको**<br>उपदफा (१),(२),(३),(४),(५) र (६) मा जुन सुकै कुरा लेखिएको भएता पनि धनगढी उप-महानगरपालिकाले | **दफा ७ को उपदफा (७) थप गरिएको।** |

धनगढी उप-महानगरपालिका राजपत्र

| | | |
|---|---|---|
| | नगर प्रहरीका विभिन्न पदमा आन्तरिक र खुल्ला समान पदमा गरि प्रतिस्पर्धाको आधारमा वा समान तहबाट नेपाली सेना,नेपाल प्रहरी , नेपाल सशस्त्र प्रहरीको पदमा रही कामकाज गरी स्वच्छिक अवकास वा अनिवार्य अवकास प्राप्त गरेको हुनुपर्ने छ । | |
| दफा ८ पदपूर्ति समितिको गठनः<br>उपदफा (१) मा भएको समितिमा | दफा ८ पदपूर्ति समितिको गठनः<br>उपदफा (१) मा भएको समितिमा सदस्य संख्या थप गरेको<br>✓ प्रशासन महाशाखा प्रमुखः सदस्य<br>✓ कानून शाखा प्रमुखः सदस्य | समयानुकुल आवश्यक भएकोले समितिमा प्रशासन महाशाखा प्रमुख र कानून शाखा प्रमुख दुई जना सदस्य संख्या थप गरी ५ जना गरिएको । |
| दफा ८ पदपूर्ति समितिको गठनः<br>उपदफा (१) को खण्ड (ग) मा सामान्य प्रशासन महाशाखा शाखा प्रमुख : सदस्य सचिव | दफा ८ पदपूर्ति समितिको गठनः<br>उपदफा (१) को खण्ड (ग) मा कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखा प्रमुख : सदस्य सचिव | समयानुकुल आवश्यक भएकोले थप गरिएको । |
| **दफा १० नियुक्तिको सिफारिस को उपदफा (६) परिणाम आएको ६ महिना पछि बैकल्पिक सूचि स्वतः खारेज हुनेछ ।** | **दफा १० नियुक्तिको सिफारिस को उपदफा**<br>**(६) परिणाम आएको १ वर्ष पछि बैकल्पिक सूचि स्वतः खारेज हुनेछ ।** | समयानुकुल आवश्यक भएकोले थप गरिएको । |

धनगढी उप-महानगरपालिका राजपत्र

| | | |
|---|---|---|
| परिच्छेद -७ विविध<br><br>दफा २५. पोशाक | परिच्छेद -७ विविध<br>दफा २५ पोशाक तथा दर्ज्यानी चिन्ह<br>**दफा २५ को उपदफा (४) थप गरिएको**<br>**(क) नगर प्रहरी निरीक्षकको कुममा डण्डाक्रस खुकुरी**<br>**(ख) नगर प्रहरी नायव निरीक्षकको कुममा दुई तारा**<br>**(ग) नगर प्रहरी सहायक निरीक्षकको कुममा एक तारा**<br>**(घ) नगर प्रहरी हवल्दारको कुममा तीन धर्का**<br>**(ङ) नगर प्रहरी जवान कुममा फिता मात्र ।**<br>✓ नगर प्रहरीको पोशाकमा नेमप्लेट भएको हुनुपर्ने छ ।<br>✓ नगर प्रहरीहरुको कुममा धनगढी उप-महानगरपालिकाको लोगो सहित कुम व्याच हुनुपर्ने छ । | दर्ज्यानी चिन्हका साथै दफा २५ को उपदफा (४) आवश्यकता अनुसरा थप गरिएको । |
| | **दफा २६क माथिल्लो जिम्मेवारी दिन सक्ने :**<br>नगर प्रहरी नायव निरीक्षक सम्मको रित पदमा तल्लो तहमा करारमा कार्यरत कर्मचारीलाई कार्यसम्पादन मूल्याङ्कनको आधारमा माथिल्लो तहको जिम्मेवारी दिई कामकाजमा लगाउन सकिनेछ । | समयानुकुल आवश्यक भएकोले थप गरिएको । |

धनगढी उप-महानगरपालिका राजपत्र

## अनुसूची-१

## नगर प्रहरीका विभिन्न पदमा आवेदन गर्नका लागि न्यूनतम योग्यता

### (क) नगर प्रहरी निरीक्षक (अधिकृतस्तर छैठौं तह) पदको लागि आवश्यक न्यूनतम योग्यता :-

१) कम्तीमा नेपाली सेनाको सहायक सेनानी पदमा रही कामकाज गरेको,नेपाल प्रहरी , नेपाल सशस्त्र प्रहरीको प्रहरी निरीक्षक (इन्स्पेक्टर)पदमा रही कामकाज गरी स्वच्छिक अवकास वा अनिवार्य अवकास प्राप्त गरेको,

२) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

३) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

४) मानव अधिकार र मानविय कानूनको उल्लङ्घनमा सजाय नपाएको

५) माहिलाहरुका लागि घटीमा ५ फिट तौलमा ४२ के.जी. र पुरुषहरुका लागि घटीमा ५ फिट २ ईन्च उचाई भएको हुनुपर्नेछ ।

६) पुरुषको हकमा छाती नफुलाउदा कम्तिमा ३१ ईन्च र छाती फुलाउदा ३३ ईन्च,तौल कम्तिमा ५५ के.जी. भएको हुनुपर्नेछ ।

७) महिला,पुरुष दबैको हकमा आँखा माईनस २ वा प्लस २ भन्दा कमजोर नभएको हुनुपर्नेछ ।

८) स्वीकृत चिकित्सकबाट प्रमाणित निरोगिताको प्रमाण -पत्र ।

९) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

१०) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी कुनै पनि सेवाबाट नहटाएको ।

११) उमेर २१ बर्ष पुरा भई ५० वर्ष ननाघेको ।

### (ख) नगर प्रहरी नायव निरिक्षक (सहायकस्तर पाँचौं तह) पदको लागि आवश्यक न्यूनतम योग्यता :-

१) कम्तीमा नेपाली सेनाको सुवेदार पदमा रही कामकाज गरेको,नेपाल प्रहरी , नेपाल सशस्त्र प्रहरीको प्रहरी नायव निरीक्षक (सई)पदमा रही कामकाज गरी स्वच्छिक अवकास वा अनिवार्य अवकास प्राप्त गरेको,

२) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

३) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

४) मानव अधिकार र मानविय कानूनको उल्लङ्घनमा सजाय नपाएको

५) माहिलाहरुका लागि घटीमा ५ फिट तौलमा ४२ के.जी. र पुरुषहरुका लागि घटीमा ५ फिट २ ईन्च उचाई भएको हुनुपर्नेछ ।

६) पुरुषको हकमा छाती नफुलाउदा कम्तिमा ३१ ईन्च र छाती फुलाउदा ३३ ईन्च,तौल कम्तिमा ५५ के.जी. भएको हुनुपर्नेछ ।

७) महिला,पुरुष दबैको हकमा आँखा माईनस २ वा प्लस २ भन्दा कमजोर नभएको हुनुपर्नेछ ।

८) स्वीकृत चिकित्सकबाट प्रमाणित निरोगिताको प्रमाण -पत्र ।

९) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

१०) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी कुनै पनि सेवाबाट नहटाएको ।

११) उमेर २१ बर्ष पुरा भई ५० वर्ष ननाघेको ।

**(ग) नगर प्रहरी सहायक निरीक्षक (सहायकस्तर चौथौ तह) पदको लागि आवश्यक न्यूनतम योग्यता :-**

१) कम्तीमा नेपाली सेनाको जमदार पदमा रही कामकाज गरेको,नेपाल प्रहरी , नेपाल सशस्त्र प्रहरीको प्रहरी सहायक निरीक्षक (असई) पदमा रही कामकाज गरी स्वच्छिक अवकास वा अनिवार्य अवकास प्राप्त गरेको,

२) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

३) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

४) मानव अधिकार र मानविय कानूनको उल्लङ्घनमा सजाय नपाएको

५) माहिलाहरुका लागि घटीमा ५ फिट तौलमा ४२ के.जी. र पुरुषहरुका लागि घटीमा ५ फिट २ ईन्च उचाई भएको हुनुपर्नेछ ।

६) पुरुषको हकमा छाती नफुलाउदा कम्तिमा ३१ ईन्च र छाती फुलाउदा ३३ ईन्च,तौल कम्तिमा ५५ के.जी. भएको हुनुपर्नेछ ।

७) महिला,पुरुष दबैको हकमा आँखा माईनस २ वा प्लस २ भन्दा कमजोर नभएको हुनुपर्नेछ ।

८) स्वीकृत चिकित्सकबाट प्रमाणित निरोगिताको प्रमाण -पत्र ।

९) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

१०) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी कुनै पनि सेवाबाट नहटाएको ।

११) उमेर २१ बर्ष पुरा भई ५० वर्ष ननाघेको ।

**(घ) नगर प्रहरी हवल्दार (सहायकस्तर तृतीय) पदको लागि आवश्यक न्यूनतम योग्यता :-**

१) कम्तीमा नेपाली सेनाको हवल्दार पदमा रही कामकाज गरेको,नेपाल प्रहरी , नेपाल सशस्त्र प्रहरीको हवल्दार पदमा रही कामकाज गरी स्वच्छिक अवकास वा अनिवार्य अवकास प्राप्त गरेको,

२) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

३) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

४) मानव अधिकार र मानविय कानूनको उल्लङ्घनमा सजाय नपाएको

५) माहिलाहरुका लागि घटीमा ५ फिट तौलमा ४२ के.जी. र पुरुषहरुका लागि घटीमा ५ फिट २ ईन्च उचाई भएको हुनुपर्नेछ ।

६) पुरुषको हकमा छाती नफुलाउदा कम्तिमा ३१ ईन्च र छाती फुलाउदा ३३ ईन्च,तौल कम्तिमा ५५ के.जी. भएको हुनुपर्नेछ ।

७) महिला,पुरुष दबैको हकमा आँखा माईनस २ वा प्लस २ भन्दा कमजोर नभएको हुनुपर्नेछ ।

८) स्वीकृत चिकित्सकबाट प्रमाणित निरोगिताको प्रमाण -पत्र ।

९) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

१०) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी कुनै पनि सेवाबाट नहटाएको ।

११) उमेर २१ बर्ष पुरा भई ५० वर्ष ननाघेको ।

**(ङ) नगर प्रहरी जवान पदको लागि आवश्यक न्यूनतम योग्यता :-**

१) नेपाली सेना,नेपाल प्रहरी , नेपाल सशस्त्र प्रहरीको जवान पदबाट स्वच्छिक अवकास वा अनिवार्य अवकास प्राप्त गरेको,

२) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

धनगढी उप-महानगरपालिका राजपत्र

३) कुनै राजनीतिक दलको सदस्य नरहेको ।
४) मानव अधिकार र मानविय कानूनको उल्लङ्घनमा सजाय नपाएको
५) माहिलाहरुका लागि घटीमा ५ फिट तौलमा ४२ के.जी. र पुरुषहरुका लागि घटीमा ५ फिट २ ईन्च उचाई भएको हुनुपर्नेछ ।
६) पुरुषको हकमा छाती नफुलाउदा कम्तिमा ३१ ईन्च र छाती फुलाउदा ३३ ईन्च,तौल कम्तिमा ५५ के.जी. भएको हुनुपर्नेछ ।
७) महिला,पुरुष दबैको हकमा आँखा माईनस २ वा प्लस २ भन्दा कमजोर नभएको हुनुपर्नेछ ।
८) स्वीकृत चिकित्सकबाट प्रमाणित निरोगिताको प्रमाण -पत्र ।
९) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
१०) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी कुनै पनि सेवाबाट नहटाएको ।
११) उमेर २१ बर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

## अनुसूची-२
## नगर प्रहरीका विभिन्न पदका परीक्षाको किसिम:

१.संक्षिप्त सूची (short list)
२.शारीरीक अभ्यास परीक्षण
३.अन्तवार्ता

## अनुसूची-२(क)
## छनौट सम्वन्धी व्यवस्था:

१) नगर प्रहरीको विभिन्न पदमा पर्न आएका आवेदनहरुको आधारमा दफा ८ को समितिले मूल्याङ्कन गरी संक्षिप्त सूची (short list) गर्नुपर्नेछ । जम्मा परीक्षाको अंक भार १०० को हुनेछ ।

(क) तालिम बापत - १५ अंक (५*३=१५)

- ✓ मेडिकल सम्वन्धी तालिम
- ✓ विपद् व्यवस्थापन सम्वन्धी तालिम
- ✓ मार्सल आर्ट तालिम
- ✓ ईन्टेलिजेन्सी तालीम
- ✓ सञ्चार तालीम
- ✓ भि.आई.पी सेक्युरिटी तालीम
- ✓ हलुका चार पांग्रे तथा हेभी सवार चालक अनुमतीपत्र
- ✓ अन्य तालीमहरु

नोटः एक तालीम वापत ३(तीन) अंक प्राप्त हुनेछ । वढीमा ५(पाँच) तालीमको गणना गरिनेछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

(ख) अनुभव बापत - १५ अंक

- ✓ जुन पदमा उम्मेदार भएको हो सोही पदमा कार्य गरे वापत प्रत्येक वर्षको १.५ (एक दशमलव पाँच) अंकका दरले बढीमा १० वर्षका लागि १५ अंक दिईने छ। प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने छ।

(ग) स्थानीय वासिन्दालाई देहाय बमोजिम - १० (दश) अंक दिइने छ।

- ✓ सम्वन्धित उप-महानगरपालिकाको बासिन्दा भएमा -१० (दश) अंक
- ✓ सम्वन्धित जिल्लाको बासिन्दा भएमा -०५ (पाँच) अंक

(घ) अन्तवार्ता वापत -२० (बीस) अंक

(ङ) शारिरीक अभ्यास परीक्षण - ४० (चालीस) अंक

**अज्ञाले,**

................

रामलाल श्रेष्ठ

प्रमुख प्रशासकिय अधिकृत

धनगढी उप महानगरपालीका

धनगढी उप-महानगरपालिका राजपत्र